पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा
२०७३
१ नं. प्रदेश नेपाल

## प्रेस विज्ञप्ती

मिति २०७८ असार १० गते अन्दाजी ११:०० बजे पाखीवास नगरपालिकाको आर्थिक वर्प २०७८/२०७९ का लागि नगरपालिकाको आठौं नगरसभा सञ्चालन भइरहेको अवस्थामा पाखीवास नगरको केहि सक्कली लोकतन्त्रको वकालत गर्ने राजनीतिक दल हुँ भन्ने व्यक्तिहरुले स्थानीय सरकारको मर्म, भावना र सरकार सञ्चालनको मर्म विपरित नगरसभामा प्रवेश गरेर जनप्रतिनिधी माथि हातपात गर्ने, गुण्डा गर्दी शैलीमा तोडफोड गरी भौतिक संरचना फोर्ने आपराधिक कार्य प्रति हामी घोर निन्दा र भर्त्सना गर्दछौं ।

गाउँ वा नगरपालिका आफैंमा एक सतर्वभौम अधिकार समपन्न उत्तराधिकारवाला अभिछिन्न संस्था हो । जनताले आवधिक निर्वाचन मार्फत निर्वाचित गरेर पठाएका जनप्रतिनिधिहरुले स्थानिय तहको नीति निर्माण गर्ने स्थानीय तहमा एक अवधिको लागि स्थानीय सरकार पनि हो । यस अधिकार र काम, कर्तव्य संविधानमा प्रष्ट व्यवस्था गरिएको छ । हरेक वर्ष आफ्नो नीति कार्यक्रम र वार्षिक आय व्यायको अनुमानित बजेट पेश गर्ने व्यवस्था संविधानले गरेको छ । यस्तो संवैधानिक व्यवस्था हुँदा हँदै र सो व्यवस्था अनुसार आफ्नो पालिकाको नीति तथा कार्यक्रम र वार्षिक बजेट प्रस्तुत भइरहेको समयमा आफुलाई लोकतन्त्रको मसिह ठान्ने दलहरुको मिलेमतोमा जुन ढंगले पाखीबास नगरपालिकाको आठौं नगरसभामा आक्रमण तोडफोड गर्ने काम गरेको छ, त्यो नितान्त संविधान विरोधी लोकतन्त्र माथिको हमला र स्थानीय सरकार माथिको नाङ्गो आक्रमण भएको छ । एउटा जननिर्वाचित संस्थामाथि गरिएको यस प्रकारको नाङ्गो आक्रमण प्रति पाखीवास नगरपालिका घोर निन्दा र भर्त्सना गर्दछ । यसका साथै नगरपालिकामा आक्रमण गर्ने र तोडफोड गर्ने व्यक्ति माथि अविलम्ब कारबाही गर्ने र सार्वजनिक सम्पत्ति माथि भएको क्षति पाँच लाख रुपैयाँ भन्दा माथिको परिपूर्ति गराउन सम्बन्धित निकाय र प्रशासन समक्ष अपिल गर्दै दोषि माथि कडा भन्दा कडा कारवाहीका लागि प्रहरी प्रशासनलाई अपिल समेत गर्दछौं ।

मिति २०७८/०३/१२

..................................
बृष बहादुर राई
नगर प्रमुख